लालबन्दी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

लालबन्दी, सर्लाही

२ नं. प्रदेश, नेपाल

**सूचि दर्ता सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशन मिति : २०७५/०५/१४**

यस नगरपालिकाको आ.ब.२०७५/०७६ को लागी आवश्यक निम्नानुसारको सामान/सेवा खरिद गर्नु पर्ने भएकोले स्थायी लेखा नम्बर र मूल्य अभिबृद्धि करमा दर्ता भएका सम्बन्धित इच्छुक इजाजत प्राप्त दर्तावाला व्यक्ति, फर्म, कम्पनी एवं संस्थाहरूका लागी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ अनुसार छुट्टाछुट्टै सूचि दर्ताका लागी सूचना प्रकाशित मितिले १५(पन्ध्र) दिन भित्र फर्म दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र, आ.ब.२०७३/०७४ को कर चुक्ता प्रमाणपत्र, VAT दर्ता प्रमाणपत्रहरूको प्रतिलिपी सहित मौजुदा सूचि दर्ताको लागी निवेदन दर्ता गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल :**

१. स्टेशनरी मसलन्द तथा कार्यालय सञ्चालन सम्बन्धी मालसामानहरू ।
२. छपाई सम्बन्धी कार्यहरू ।
३. सवारी साधन मर्मत तथा सो को पार्टपुर्जा आपूर्ति गर्ने सम्बन्धी कार्यहरू ।
४. फर्निचर तथा फर्निसिङ्ग सामानहरू र सो को मर्मत सम्बन्धी कार्यहरू ।
५. रङ्गरोगन सम्बन्धी, भवन, पर्खाल निर्माण, पाटेशन तथा अन्य मर्मत सुधार सम्बन्धी कार्यहरू।
६. मेशिनरी, कम्प्युटर, प्रिन्टर, फोटोकपी मेसिन तथा सो सम्बन्धी पार्टपुर्जा सामाग्रीहरू सप्लाई सम्बन्धी तथा फोटोकपी, प्रिन्टर, फ्याक्सको कार्टेज र रिफिल गर्ने कार्य ।
७. विभिन्न ईलेक्ट्रोनिकल सामानहरू सप्लाई कार्य तथा विद्युत वायरिङ्ग सम्बन्धी सेवा र सो संग सम्बन्धित ईलेक्ट्रिकल सामानहरूको सप्लाई तथा मर्मत सम्बन्धी कार्य ।
८. विज्ञापन/सूचना प्रकाशन सम्बन्धी सेवा ।
९. परामर्श सेवा ।
१०. सफ्टवेयर निर्माण तथा अन्य सूचना प्रविधि वेभ साईट निर्माण कार्यहरू र कम्प्युटर नेटवर्क सम्बन्धी मर्मत तथा अद्यावधिक गर्ने कार्य ।
११ औषधी तथा औषधीजन्य सामाग्री खरिद ।
१२. अस्पताल उपकरण ।
१३. अन्य ।

**प्रमुख प्रशासकीय अधिकृत**